गाउँसभामा २०८० साल आषाढ ५ गते
गाउँपालिका अध्यक्ष श्री दिलिप कुमार पाण्डेय ज्यूले
प्रस्तुत गर्ने भएको

# आर्थिक वर्ष २०८०।०८१ को
# नीति तथा बजेट कार्यक्रम (प्रथम शत्र)

## महोत्तरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, महोत्तरी
मधेश प्रदेश (नेपाल)

CamScanner

महोत्तरी गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, यस गरिमामय गाँउसभाका आजका प्रमुख अतिथि मा.श्रीमती गोमा लाभ सापकोटाज्यू त्यस्तै विशिष्ट अथिति मा.मन्त्री श्रीमति सुरिता कुमारी साहज्यू, मा.श्रीमती रेखा ठाकुरज्यू, त्यस्तै जि.स.स.का प्रमुख श्री सुमन कुमार लाल कर्णज्यू, जि.प्र.का.प्रमुख जिल्ला अधिकारी श्री दिपक कुमार पहाडीज्यू, जिल्ला प्रहरी कार्यालय प्रमुखज्यू, सशस्त्र प्रहरी कार्यालय प्रमुखज्यू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुज्यू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका कर्मचारीहरु, पत्रकारहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु,

१. स्थानीय सरकार प्रमुखको रुपमा महोत्तरी गाउँपालिको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभूति गरेको छु । स्थानीय तहको दोश्रो निर्वाचन सफलता पूर्वक सम्पन्न गर्ने नेपाल सरकार, निर्वाचन आयोग सबै राष्ट्रसेवकहरु, प्रक्रियामा सँलग्न सबै राजनीतिक दलहरु र आम नागरिक प्रति धन्यवाद व्यक्त गर्दछु ।

२. स्थानीय तहको प्रथम कार्यकाल सफलता पूर्वक सम्पन्न गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकासमा पुऱ्याउनु भएको योगदानका लागि गाउँपालिकाका पूर्व जनप्रतिनिधि ज्युहरुलाई उच्च कदर गर्दछु ।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्दछु । ३ वर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारणले ज्यान गुमाएका सम्पूर्ण व्यक्तिहरुप्रति श्रद्धान्जली अपर्ण गर्दछु ।

४. तिन तहको सरकार बिचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ति सहितको नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दे र कोभिड-१९ महामारीको भेरिएन्ट सहितको सङ्क्रमणले समग्र अर्थतन्त्र र कार्यप्रणालीलाई शिथिलताको चपेटामा पारेको जोखिमपूर्ण र चुनौतिपूर्ण अवस्थाबाट केही सामान्य अवस्था तर्फ आउँदा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग आवद्ध गर्दै आर्थिक समुन्तीको आधार तयार पार्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**<u>गाउँसभाका सदस्यहरु,</u>**

५. विकास निश्चित उद्देश्य हासिल गर्न अपनाइने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनाबद्ध विकासको सुरुवात गरिनेछ ।

६. उच्च कार्यसम्पादन एवम् लगनशिलताका साथ चुस्त सेवा प्रवाह मार्फत स्थानीय सरकारका प्राथमिकता र कार्यक्रमहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिका उल्लेखनीय रहेको छ ।

CamScanner

७. गाउँपालिकाको रणनीतिक सडकको रुपमा रहेको गाँउपालिका देखि पर्सा राजमार्ग सम्मको सडकलाई निजी क्षेत्रसँगको सहकार्यमा सदरमुकामसँग छोटो र सिधा मार्गबाट जोडिएको छ भने स्तरोन्नतीका लागि सार्वजनिक निजी साझेदारीमा काम भईरहेको छ ।

८. गाउँपालिकाको वडा नं. ३ मडैलाई महिला मैत्री र लैङ्गिक मैत्री संरचना सहितको मधेश प्रदेशकै नमुना गाउँमा रुपान्तरण गर्न सो क्षेत्रका बालबालिका, महिला, गरिब, सुकुम्बासी,दलित, नजाति तथा जेष्ठ नागरिकहरुको सशक्तिकरणको लागि बहुआयामिक नमुना ग्रामको विस्तृत परियोजना प्रतिवेदन तयार गरि बहुआयामिक नमुना ग्रामको रुपमा घोषणा गर्नका लागि नेपाल सरकार समक्ष पेश गरीएको छ। सो अनुसार विभिन्न सीपमूलक तालिमहरु सञ्चालन भईरहेका छन्।

९. विश्व मानचित्रमा पर्यटकिय क्षेत्रका रुपमा सुपरिचित नेपाल र महोत्तरी जिल्लाभित्र रहेको यस गाउँपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउनका लागि धार्मिक, पर्यटकीय, भाषिक, साँस्कृतिक महत्वका क्षेत्रहरुको सँरक्षण, विकास तथा विस्तारका लागि विशेष पहल गरिएको छ । गाउँपालिकामा ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, धार्मिक, पर्यटकिय, आर्थिक, प्राकृतिक रुपले महत्वपूर्ण क्षेत्र, स्थान वा कलालाई सँरक्षण गर्ने नीति लिएको छ।

१०. महोत्तरी गाउँपालिकाका समग्र जनताहरुलाई स्थानीय सरकारको जनता मैत्री सेवालाई सरल तथा सहज तरिकाले जनता समक्ष पुऱ्याउनका लागि स्थानीय समुदायले निःशुल्क उपलब्ध गराई गाउँपालिकाको खर्चमा सम्याउने, उकास्ने लगायतका कार्य गरी व्यवस्थापन गरेको जग्गामा कार्यालय भवन सञ्चालन गरिएको छ।

११. जनताको नजिकमा रहेर सेवा प्रवाह गर्दै शासन व्यवस्थालाई जनता समक्ष समन्यायियक तरिकाले पुऱ्याउने माध्यमका रुपमा रहेको स्थानीइ सरकार कार्यपालिकीय, विधायिकी र न्यायिक तिनै अधिकार प्रयोग गर्न समक्ष हुँदै आइरहेको छ । स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि हामीले विभिन्न महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएका छौं । अरु विधि ल्याउने प्रयास यसपाली गर्ने छौं।

१२. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिल, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, कडा तथा असाध्य रोग लागेका, दीर्घरोगीहरु, विभिन्न प्रकृतिका विपद्हरुबाट पीडित व्यक्तिहरुलाई विशेष सम्बोधन गरिएको छ ।

१३. गाउँपालिकाभित्र रहेको सुकुम्बासी, घरबारविहिन, कच्ची टिन र खरले छाएका घर तथा शौचालय विहिन घर परिवारलाई सहायता प्रदान गरिएको छ । साथै यसपाली बाँकी विपन्न परिवारलाई अरु व्यवस्थित गरिने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

१४. मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा

CamScanner

राख्दै **"समृद्ध गाँउपालिका सुखी गाँउपालिका"** नारा सहित **"समृद्धि नेपाल, सुखी नेपाली"**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्नका लागि नीति तथा कार्यक्रम केन्द्रित छन् ।

१५. मानवपूँजी निर्माण र रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, दिगो विकास र पर्यावरणीय सन्तुलन, सेवा प्रवाह सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिनेछ । अब म गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु ।

१६. यस आ.व. २०८०/०८१ म देहाय बमोजिमको अनुमानित बजेट प्राप्त भएको छ । संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान रु. ९ करोड ८८ लाख, सशर्त अनुदान रु. १४ करोड ६२ लाख, विशेष अनुदान रु. १ करोड १५ लाख र समपुरक अनुदान रु. ६५ लाख मात्र गरि जम्मा रु. २६ करोड ३० लाख, प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु. ७० लाख २० हजार, विषेश रु. ३० लाख र समपुरक रु. २० लाख गरि जम्मा रु. १ करोड २० लाख २० हजार र राजस्व बाँडफाँडबाट रु. ७ करोड ५० लाख ४४ हजार र आन्तरिक श्रोत अल्या सहित रु. ७ करोड मात्र गरि जम्मा कुल बजेट ४२ करोड ६४ हजार मात्रको अधिनमा रही यस नीति तथा बजेट कार्याक्रम अनुसार आगामी बजेट शत्रमा यस गाँउपालिकाको विनियोजन विधेयक प्रस्तुत गरिनेछ ।

## आर्थिक क्षेत्र

१७. आन्तरिक स्रोत बढाउन विज्ञहरु सहितको कार्यदल गठन गरी स्रोत सम्भाव्यता अध्ययन, स्रोत नक्सांकन तथा राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१८. गाँउपालिका क्षेत्रभित्रका करका दायरा फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । कर सचेतना अभियान मार्फत कर तिर्नु नागरिकको दायित्व हो भन्ने भावना सिर्जना गराई नागरिककै अग्रसरतामा राजस्व संकलन गरिनेछ ।

१९. नेपालको संविधानको साझा अधिकार सुचीमा रहेका कर तथा गैरकर राजस्व संघ तथा प्रदेशले तोके बमोजिम संकलन गरी बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

### कृषि

२० कृषिलाई स्थानीय आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकका रुपमा विकास गरिनेछ । कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थाबाट आधुनिकीकरण, विशिष्टीकरण, यान्त्रिकीकरण, औधोगिकीकरण र व्यवसायीकरण गर्दै रुपान्तरण गर्ने लक्ष्य लिइनेछ ।

२१. स्थानीय परिवेश अनुसार पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउका लागि सहकारी, सामुहिक तथा सार्वजनिक मोडेलको कृषि फर्मको स्थापना गरिनेछ । कृषि विउविजनको सहज

CamScanner

आपूर्ति, कृषि सामग्री व्यवस्थापन, रासायनिक मल व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि समुह तथा सहकारी प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

२२. कृषि उपज वृद्धिका लागि जग्गा चक्लाबन्दी, मल तथा विउविजनमा अनुदान, कृषि यान्त्रिकीकरण, माटो परिक्षण, किटनाशक औषधिको व्यवस्था, बाँझो जमिनमा खेती गर्ने कृषकलाई प्रोत्साहन, साना सिँचाईको प्रबन्ध, गाँउपालिकाका हरेक वडामा एक वडा एक कृषि तथा पशु प्राविधिको व्यवस्था, कृषकका खेतबारी र गोठमा किसान पाठशाला सञ्चालन गरिनेछ ।

२३. गुणस्तरिय खाद्यान्नमा सहज पँहुच र उपलब्धताको प्रत्याभुतिका लागि गाँउपालिकाभित्र उत्पादन हुने सम्पूर्ण स्थानीय वस्तुहरुको तथ्यांक संकलन गरिनेछ । साथै बजारको पँहुच नपुगी उपयोगमा नआउने बस्तुहरु नाफा सहितको प्रतिफल सुनिश्चित हुने गरि बिक्री गर्ने आवश्यक प्रबन्ध गरिनेछ । सम्भव भएका स्थानीय उत्पादनको न्यून्तम समर्थन मुल्य निर्धारण गरी विचौलियाको शोषणलाई न्युनीकरण गर्ने तथा सार्वजनिक खरिदबिक्रीको प्रबन्ध गरिनेछ ।

२४. जि.जि.जि.आई का कार्यक्रमलाई निरन्तरता दिई उक्त संस्थासँग समन्वय गरि सबै वडामा यो कार्यक्रम छनौट हुने गरि पहल गरिनेछ । सहकारी, कृषि फर्म, कृषक समुह किसानलाई आर्थिक फाइदा हुने कार्यक्रम जि.जि.जि.आईको सहयोगमा गरिनेछ ।

२५. गाँउपालिकामा उत्पादन हुने सबै अन्न बाली तथा फलफुलहरुको सुरक्षित भण्डारण गरि बेमौसममा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न वडा नं. ४ मा निर्माणाधीन शीतगृह निर्माण कार्यलाई निरन्तरता दिनेछ ।

२६. पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरि कृषि सडक, कृषि विधुतिकरण तथा स्थानीय स्तरमा सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

२७. संघ सरकारसँगको समन्वयमा राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम संचालन गरिने छ । चालु आ.व. मा स्थापीत दलहन बाली पकेटहरुलाई सम्बन्धित समुहलाई पूर्ण रुमा हस्तान्तरण गरि समुहबाट नै निरन्तरता दिने व्यवस्था गरिनेछ । साथै प्याज र आलुको नयाँ पकेट क्षेत्र निर्माण गरि संघ सरकारबाट समन्वय गरि कार्यक्रम संचालन गरिनेछ । भन्ने मत्स्य प्रवर्द्धन कार्यक्रमको लागि पहल गरिनेछ ।

## पशुपालन

२८. पशुपालन प्रति आकर्षण वृद्धि गर्न तथा पशुपालन पेशा अँगालेका कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिस्पर्धामा आधारित कार्यक्रमहरु मार्फत सहयोग गरिनेछ ।

२९. उत्पादकत्व वृद्धि गरि दुध र मासुमा आत्मनिर्भर बनाउन भैंसी तथा बाखाको नश्ल सुधार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ । उन्नत नश्लका पशु उत्पादन गर्न विउ सेक्ससिमेन, उच्च प्रजनन मानको भाले पशु व्यवस्थापनमा सहयोग गरिनेछ ।

३०. पशुपंछीहरुको तथ्यांक संकलन गर्ने र रोगहरुबाट बचाउनका लागि पशुपंछी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. गाँउपालिकाभित्र अकस्मात विरामी हुने पशुपंछिहरुको उपचारको लागि आवश्यक औषधी र पशु प्राविधिकहरुको प्रबन्ध गरिनेछ ।

३२. हेपर प्रोजेक्ट नेपालसँग समन्वय गरि कार्यक्रमलाई निरन्तरता दिन पहल गरिनेछ ।

## उद्योग, व्यापार र वाणिज्य

३३. स्वदेशी उत्पादनलाई प्रवर्द्धन र उपयोग गर्ने नीति लिईनेछ ।

३४. महिला विकास कार्यक्रमद्धारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवम स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियानलाई निरन्तरता दिइने छ ।

३५. उद्यमशीलता प्रवर्द्धनका लागि गाँउपालिकामा नविनतम तरिका र प्रविधिबाट उद्योग व्यवसाय संचालन गर्ने उत्कृष्ट उद्यमीहरुलाई गाँउपालिका अध्यक्ष नवप्रवर्तन पुरस्कार र गाँउपालिका भित्रका महिला उद्यमी मध्ये उत्कृष्ट उद्यमीहरुलाई गाँउपालिका उपाध्यक्ष सफल महिला उद्यमी पुरस्कार द्वारा सम्मान गरिनेछ ।

३६. गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठुला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ । र्दता नगरि व्यवसाय गरिहेका व्यपारीलाई भेला गराई दर्ता प्राप्त व्यपारी बनाउन पहल गरिनेछ ।

३७. गाँउपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाईनेछ । हाम्रो गाँउ हाम्रो गाँउपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था मिलाईने छ ।

३८. गैर सरकारी संघ संस्थामा आवद्ध रही गाँउपालिका क्षेत्रभित्र कार्यरत रहेका विदेशी नागरिकको यथार्थ विवरण गाँउ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अध्यावधिक गरि जानकारी गराउनुपर्ने नीति लिईनेछ ।

## सहकारी

CS CamScanner

३९. दिगो स्थानीय विकासमा संघ,प्रदेश तथा स्थानीय तह र सहकारी विचको समन्वय र सहकार्यलाई जोड दिइनेछ । गाँउपालिकामा सञ्चालित सहकारीहरुको सहभागितामा गठन भएको सहकारी सञ्जाललाई व्यवस्थित बनाई सहकारीका कार्यक्रम सञ्चालन गर्ने कार्यमा परिचालन गरिनेछ ।

४०. सहकारीको वित्तीय सेवा तथा प्रविधिको प्रयोगमा वृद्धि एवं विकास गर्न नेपाल सरकारबाट विकास भएको कोपोमिस (COPOMIS) मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

४१. सहकारी: उत्पादनमा साझेदारी भन्ने नाराका साथ सबै सहकारीहरुलाई उद्यममा आबद्ध गराईने नीति लिइनेछ ।

४२. एक व्यक्ति एक विषयगत विद्याको एक भन्दा बढी सहकारीमा सदस्य हुन नपाईने नीति अवलम्बन गरनेछ ।

४३. वित्तीय समावेशिता तथा वित्तीय साक्षरता वृद्धि गर्न साथै सहकारी शिक्षा विस्तार गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

४४. गाँउपालिकाको सहकारी शाखालाई सक्षम जनशक्ति सहितको आवश्यक श्रोत साधन सम्पन्न बनाइनेछ ।

## श्रम तथा रोजगारी

४५. श्रम बजारको माग अनुसारको विशिष्टीकृत सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिईनेछ । सिप विकास तालिमलाई रोजगारी र उद्यमशिलतासँग आबद्ध गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई सिप अनुसारको व्यवसाय सञ्चालन र रोजगार सिर्जना गरि समाजमा पुन एकीकरण गर्ने नीति लिईनेछ । युवाहरुलाई स्वरोजगार बनाउनका लागि सिपमुलक तालिमहरु प्रदान गरि सिपको प्रमाण पत्र प्रदान गरिनेछ । जसका लागि समृद्धि अभियानमा गाँउपालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. श्रम बजारलाई मर्यादित र न्यनयपूर्ण बनाउन निर्माण तथा औपचारिक, अनौपचारिक र स्वरोजगार श्रम क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था, संख्या, सेवासुविधा आदिको व्यवस्थित विवरण संकलन गरि अभिलेखीकरण तथा समस्याहरु छलफल एवं समाधानको प्रयत्नका लागि श्रम डेस्क स्थापना गरिनेछ ।

४७. गाँउपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको आदर्शतम परिचालन गरिने छ । साथै स्थानीय सीप र श्रमको प्रयोग मार्फत रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

CS CamScanner

४८. गाँउपालिका भित्रका बेरोजगार युवाहरुको लागत संकलन गरि प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यक्रममा आबद्ध गराई न्युन्तम एक सय दिनको रोजगारी प्रत्याभुत गरिनेछ । रोजगारमुलक कार्यक्रमका माध्यमबाट गरिबी न्यूनिकरण गर्न एक घर एक रोजगार कार्यक्रम लाई यसै कार्यक्रममा आवद्ध गरिनेछ ।

४९. यस गाँउपालिका बालश्रमलाई पूर्ण रुपमा निरुत्साहित गरि बालश्रम मुक्त घोषणा गर्न आवश्यक पहल गरिनेछ । गाँउपालिका, संघ, प्रदेश र निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा बालश्रमिकको उद्धार, पुर्नस्थापना र पुनर्मिलन कार्यक्रम सञ्चालन गरिनेछ ।

### गरिबी निवारण

५०. गरिब घर परिवार पहिचान गरि परिचय पत्र वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

५१. गरिबी निवारणका लागि मागमा आधारित लघु उद्यम विकास कार्यक्रमलाई छ वटै वडामा निरन्तरता दिइनेछ । नयाँ लघु उद्यमी सिर्जना र भईरहेका उद्यमीको स्तरोन्नतीको कार्यक्रमहरु सञ्चालन गरिनेछ । समृद्धि अभियानमा गाँउपालिका अध्यक्ष कार्यक्रमलाई लघुउद्यम विकास कार्यक्रम सँग पनि आवद्ध गरिनेछ ।

५२. लघु उद्यमीहरुको लागि आवश्यक सिप र उपकरण प्रदान गरि सोको प्रयोगबाट उद्यमशील बन्नका लागि व्यवस्थापन गरिनेछ ।

५३. समृद्धि र विकास निर्माणको आधार, महिलाको क्षमताको विकास नारालाई कार्यान्वयन गर्दै गाँउपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै उद्यमशिलताको विकास गर्न उपाध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

५४. सामुदायिक संस्थाहरु मार्फत सामाजिक परिचालन, क्षमता विकास, आयआर्जन, ग्रामीण सामुदायिक पूर्वाधार र सहकारी विकासका कार्यहरु अगाडी बढाईने छ ।

## सामाजिक क्षेत्र

### शिक्षा, युवा तथा खेलकुद

५५. सबैका लागि शिक्षा अभियान सञ्चालन गरि महोत्तरी गाँउपालिका भित्रका सबै बालबालिकाहरुलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभुत तहसम्म अनिवार्य तथा नि:शुल्क तथा माध्यमिक तहसम्मको नि: शुल्क शिक्षामा पहुँच विस्तार गरिनेछ ।

५६. प्राविधिक धार सञ्चालन भएका विद्यालयका अध्ययनरत विद्यार्थीहरुको प्रयोगात्मक सिकाईमार्फत उद्यमशीलता विकास गर्नका लागि एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

CamScanner

५७. महोत्तरी गाँउपालिकाका विद्यार्थीहरुको माध्यमिक तथा उच्च शिक्षामा पहुँच विस्तार गर्न शैक्षिक छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ । गााउपालिकाभित्र स्थायी बसोबास भई माध्यमिक र उच्च माध्यमिक तहमा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई गाँउपालिकाको कार्यविधिका आधारमा छात्रवृति प्रदान गरिनेछ । यसका साथै आवासिय तथा गैर आवासिय छात्रवृति छात्रा तथा दलित विद्यार्थीहरुलाई वितरण गरिनेछ ।

५८. महोत्तरी गाँउपालिकाको स्थानीइ पाठयक्रम निर्माण गरि गाँउपालिका स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाष, जाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सिप र धारणा प्रदान गरि विद्यार्थीहरुलाई सुसुचित गरिनेछ। हाम्रो महोत्तरी गाँउपालिका लाई अपाङ्गमैत्री बनाईनेछ ।

५९. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि माध्यमिक तहमा शुन्य दरबन्दी भएका विद्यालयमा नियुक्त गरिएका शिक्षक र प्रारम्भिक बाल कक्षामा विद्यार्थी संख्या धेरै भएका विद्यालयमा नियुक्त गरिएका बालविकास सहजकर्तालाई निरन्तरता दिइनेछ । शिक्षकको न्युनताले पठनपाठनमा असहज भएका विद्यालयमा थप शिक्षकको तलबभत्ता या स्वंयम सेवक शिक्षकको व्यवस्था गरिनेछ ।

६०. प्रारम्भिक बालविकास केन्द्र देखि ६ सम्मका विद्यार्थीहरुको पठनपाठनलाई निरन्तरता दिनका लागि दिवा खाजाको व्यवस्था, सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुको महिनावारी चक्रलाई व्यवस्थापन गरि उनीहरुको सिकाइ कार्यमा नियमितता दिन आवश्यक स्यानिटरी प्याडको व्यवस्था गरिनेछ । विद्यालय तहमा अध्ययनरत सबै बालबालिकालाई निःशुल्क पाठयपुस्तकको व्यवस्था गरि सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । यसका साथै शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. बालबालिकाको इच्छाः प्रविधिमैत्री शिक्षा कार्यक्रम मार्फत विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गरि शैक्षिक गुणस्तर सुधार गर्न तथा प्रविधिमैत्री सिकाइ सहजीकरण गर्नका लागि विद्यालयमा ईन्टरनेट विस्तार गरिनेछ ।

६२. एक विद्यार्थी एक बिरुवा, एक विद्यालय एक बगैंचा कार्यक्रम सञ्चालन गरि सबै सामुदायिक विद्यालयहरुलाई हरित विद्यालयको रुपमा विकास गरिनेछ ।

६३. बालमैत्री शासनको प्रारुप अनुसार विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गरिनेछ । भौतिक पूर्वाधारका संरचनाहरु बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ । साथै सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

६४. गाँउपालिकाभित्र विभिन्न विपदजन्य घटनाबाट पीडित हुन पुगेका व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनको लागि युवाहरु परिचालन गरिनेछ ।

CS CamScanner

६५. प्रत्येक सामुदायिक विद्यालयलाई व्यवस्थित भौतिक पूर्वाधारहरु तथा संरक्षित घेरा सहित व्यवस्थित विद्यालय क्रमानुसार बनाईनेछ ।

## स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन

६६. स्वास्थ्य संस्थामा जान ढिलाई हुँदा उत्पन्न हुन सक्ने अप्रिय अवस्थालाई मध्यनजर गरि दुर्गम स्थानमा सञ्चालित ३ वटै स्वास्थ्य चौकी र ३ वटै आधारभुत स्वास्थ्य केन्द्रलाई निरन्तरता दिइनेछ । सार्थ प्रत्येक ११ गाँउमा स्वास्थ्य संस्थाको व्यवस्था क्रमानुसार गरिनेछ ।

६७. यस महोत्तरी गाँउपालिकामा १५ शैया अस्पताल निर्माण कार्य अविलम्ब अगाडी बढाईनेछ । यसबाट अत्याधुनिक स्वास्थ्य उपकरण सहितको स्वास्थ्य सेवा प्रवाह गरिनेछ । डाम्ही मडै स्वास्थ्य चौकीमा जनस्वास्थ्य प्रयोगशाला सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ । भने बर्थिङ्ग सेन्टर तुरुन्त संचालनमा ल्याईनेछ ।

६८. आकस्मिक स्वास्थ्य सेवाका लागि ६ वटै वडालाई समेटने गरि सर्वसुलभ एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ । नागरिकहरुको स्वास्थ्य विमा गर्ने अभियानलाई सक्रियताका साथ कार्यान्वयन गरिनेछ ।

६९. पोषण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम, विद्यालय स्वास्थ्य शिक्षा, आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान, स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभुत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमुखीकरण/तालिम सञ्चालन गरिनेछ । म स्वस्थ मेरो पालिका स्वस्थ मेरो देश स्वस्थ अभियानलाई जोड दिईनेछ ।

७०. सुनौलो हजार दिनका आमा, बच्चा र किशोरिहरुको पोषण स्थितिमा सुधार गर्न संघ सरकारसँगको साझेदारीमा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । पोषणमैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुमा मुल प्रवाहीकरण गर्दै लगिनेछ र गाँउपालिकालाई पोषणयुक्त गाँउपालिका घोषणा गरिनेछ ।

७१. महोत्तरी गाँउपालिका स्थायी ठेगाना भएका व्यक्तिको जिल्लाभित्र उपचार गर्दा रगत आवश्यक पर्ने भएमा नेपाल रेडक्रस सोसाईटी अनैठा शाखालाई व्यवस्थापन गरि निःशुल्क रगत उपलब्ध गराउन समन्वय गरि फ्रि- ब्लड जोनका रुपमा संचालन गरिनेछ ।

७२. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्ने नीति अवलम्बन गरिनेछ । आयुर्वेट सेवा प्रवर्द्धन सम्बन्धी कार्यक्रम अगााडी बढाईनेछ ।

CS CamScanner

७३. स्वास्थय संस्था मार्फत वितरण हुने औषधिको स्टोरलाई व्यवस्थित गर्न प्रविधि मैत्री बनाइ कार्यान्वयन गरिनेछ । नेपाल सरकारले निशुल्क औषधी भनी घोषणा गरेका औषधीलाई सबै स्वास्थ्य संस्थामा नियमित उपलब्धताको प्रबन्ध गरिनेछ ।

७४. प्रत्येक वडामा युवाहरुको लागि स्वास्थ्यरहीत जिम खाना स्थापना गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

७५. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विधवा, दलित बालबालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभुत गरिदै आएकामा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

७६. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सबै वडामा उपस्थित भर्य बैंक द्वारा नै भत्ता वितरण गर्ने प्रबन्ध गरिनेछ ।

७७. जेष्ठ नागरिकहरुलाई सम्मानित र मर्यादित जीवन जिउने आधार सिर्जना गरिने छ । प्रत्येक वडामा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

७८. महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ । साथै समाजमा रहेको कुरिति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपोसार धुमपान, मद्यपान, सुर्तिजन्य पदार्थ र लागुपदार्थ विरुद्ध सचेतनामुलक कार्यक्रमलाई हाम्रो समाजः राम्रो समाज अभियानका रुपमा संचालन गरिनेछ । घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी र चेतनामुलक अभियानहरु संचालन गरिनेछ । सो कार्यमा स्थानीय सामाजिक/गैर सरकारी संघ संस्थाहरु तथा टोल विकास संस्थाहरुको परिचालन गरिनेछ ।

७९. सडकमा आश्रित, अभिभावकविहिन, हिंसा, दुर्व्यवहार, शोषण )शारीरिक, मानसिक तथा यौन र श्रम शोषण), बेचविखन, बालविवाह, मानसिक समस्या आदि लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सिपशिक्षा र परिवारको जीविकोपार्जलाई सम्बोधन गर्ने विशेष व्यवस्था गरिनेछ ।

८०. गाँउपालिकाभित्र रहेका अपाङ्गता भएका फरक क्षमताका व्यक्तिलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचय पत्र वितरण गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।

८१. अपाङ्गता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती , सुत्केरी , ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ । क्यान्सर, मुटु, मृगौला, स्पाइनल

CamScanner

इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब विरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८२. अशक्त, असहाय, सहाराविहीन बालबालिका तथा ज्येष्ठ नागकिहरुका लागि आश्रय स्थल निर्माण गर्नका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ ।

८३. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरु तय गरिनेछ । महिला, सशक्तिकरण, बाल प्रतिभा पहिचान, युवा प्रतिभा पहिचान, अपाङ्ग लक्षित कार्यक्रम र दलित लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

८४. अपाङ्गता भएका बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । उच्च शिक्षा अध्ययन गर्नका लागि उच्च शिक्षा छात्रवृति अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरुको लागि गाँउपालिकाको छात्रवृतिमा प्राथमिकता दिईनेछ ।

८५. कृषि पेशामा आवद्ध अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारलाई कृषि अनुदानको व्यवस्था गरनेछ ।

### खानेपानी तथा सरसफाई

८६. गाँउपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी आयोजनाहरु संचालन गर्न संघ तथा प्रदेश सँग समन्वय गरिनेछ ।

८७. एक घर एक हैण्डपाईप जडान खानेपानी आयोजनालाई गाँउपालिका भर क्रमश विस्तार गर्दै लगिने छ ।

८८. कचरा व्यवस्थापन गर्न Land Site व्यवस्था गरिनेछ ।

## पूर्वाधार विकास

### भौतिक योजना र पूर्वाधार विकास

८९. रणनीतिक महत्तवका पूर्वाधार निर्माण तथा औधोगिक विकासका लागि सार्वजनिक निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा समेत कार्यान्वयनमा ल्याईनेछ ।

९०. टुक्रे योजना तथा अनुत्पादक कार्यक्रमहरुलाई निरुत्साहित गर्दै एक वडा एक गौरवको योजना संचालन गरिनेछ । आर्थिक बर्षको अन्त्यतिर हुने चापलाई न्यून गराउनका लागि योजना

CamScanner

इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब विरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८२. अशक्त, असहाय, सहाराविहीन बालबालिका तथा ज्येष्ठ नागकिहरुका लागि आश्रय स्थल निर्माण गर्नका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ ।

८३. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरु तय गरिनेछ । महिला, सशक्तिकरण, बाल प्रतिभा पहिचान, युवा प्रतिभा पहिचान, अपाङ्ग लक्षित कार्यक्रम र दलित लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

८४. अपाङ्गता भएका बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । उच्च शिक्षा अध्ययन गर्नका लागि उच्च शिक्षा छात्रवृति अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरुको लागि गाँउपालिकाको छात्रवृतिमा प्राथमिकता दिईनेछ ।

८५. कृषि पेशामा आवद्ध अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारलाई कृषि अनुदानको व्यवस्था गरनेछ ।

## खानेपानी तथा सरसफाई

८६. गाँउपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी आयोजनाहरु संचालन गर्न संघ तथा प्रदेश सँग समन्वय गरिनेछ ।

८७. एक घर एक हैण्डपाईप जडान खानेपानी आयोजनालाई गाँउपालिका भर क्रमश विस्तार गर्दै लगिने छ ।

८८. कचरा व्यवस्थापन गर्न Land Site व्यवस्था गरिनेछ ।

# पूर्वाधार विकास

## भौतिक योजना र पूर्वाधार विकास

८९. रणनीतिक महत्तवका पूर्वाधार निर्माण तथा औधोगिक विकासका लागि सार्वजनिक निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा समेत कार्यान्वयनमा ल्याईनेछ ।

९०. टुक्रे योजना तथा अनुत्पादक कार्यक्रमहरुलाई निरुत्साहित गर्दै एक वडा एक गौरवको योजना संचालन गरिनेछ । आर्थिक बर्षको अन्त्यतिर हुने चापलाई न्यून गराउनका लागि योजना

CS CamScanner

सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ । साथै गौरव योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथा सम्भव ठेक्का प्रक्रिया मार्फत सम्पन्न गरिनेछ। ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सिपको प्रयोग गर्न सहजीकरण गरिने छ।

## सडक तथा पुल

९१. गाँउपालिकाका सबै बस्तीहरुलाई सडक सञ्जालसँग जोडिने छ। गौरवको आयोजनाको रुपमा मडै-अनैठा-महोत्तरी हुदै पर्सा चौकको हाईवे सम्म, मडै-अनैठा हुदै भगवानपुर सम्म, रतवाडा-महोत्तरी-सोनुखडा हुदै भगवानपुर सम्म, महोत्तरी बजार देखि परकौली सम्म, सोनुखडा देखि पर्सा सम्मको सडक निर्माण तथा विस्तारको कार्य अगाडी बढाईने छ । साथै अन्य कृषि र सहायक स्तरका सडकहरुको निर्माण तथा मर्मत कार्य गरिनेछ।

९२. संघ र प्रदेश सरकारसँगको सहकार्यमा महत्वपूर्ण रणनैतिक सडकहरुको निर्माण कार्य अगाडी बढाईने छ। गाँउपालिका भित्र निजी क्षेत्रबाट सञ्चालित विभिन्न ईट्टा भट्टाहरुसँग सहकार्य गरि बाटो मर्मतको कार्य अगाडी बढाईने छ। सार्वजनिक निजी साझेदारी रुपमा पूर्वाधार निर्माणलाई जोड दिइनेछ।

९३ छरिएर रहेका बस्ती विचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सगुमताका लागि सोनुखडा र भगवानपुरको सिमानामा निर्मानाधिन अवस्थामा रहेको झोलुङ्गे पुललाई प्राथमिकताका साथ आवश्यक सहलगानी तथा समन्वय गरि निर्माण सम्पन्न गरिनेछ।

## भवन

९४. गाँउपालिका कार्यालयको परिसर व्यवस्थापन, वडा नं. १ को वडा कार्यालय भवन निर्माण, वडा नं. ६ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

९५. ११ वटै गाँउ मध्ये बाँकी ५ गाँउमा स्वास्थय भवन निर्माण गरिनेछ।

९६. स्थानीय समुदायसँगको सहकार्यमा गाँउपालिकाको १५ शैया अस्पताल निर्माणको लागि बढि भन्दा बढि सेवाग्रहीहरुलाई लाभ हुने गरि लालपूर्जा भएको जग्गा प्राप्त गरि निर्माण कार्य अगाडी बढाईनेछ।

९७. यस गाँउपालिकामा एक गाँउ एक सामुदायिक भवन निर्माण कार्य अगाडी बढाउन डि पि आर तयार गरि संघ तथा प्रदेशबाट समन्वय गरि निर्माण कार्य अगाडी बढाईने छ।

CamScanner

९८ गाँउपालिकाको ईलाका प्रहरी कार्यालयको भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै आमा समुह तथा युवा क्लवहरुका लागि भवन निर्माण कार्य गर्न अध्ययन गरि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

९९. आयुर्वेद अस्पतालको लागि वडा नं. ५ मा भवन निर्माण तथा व्यवस्थापन गरिनेछ ।

## जल विद्युत तथा बैकल्पिक उर्जा

१००. बायोग्यासँ, बायोमास, सौर्य उर्जा लगायत वैकल्पिक उर्जाको प्रवर्द्धन र परिप्रयोगको व्यवस्था गरिनेछ । घना बस्तीहरुमा सौर्य उर्जाको प्रयोग गरि चौक तथा सार्वजनिक स्थलहरुलाई उज्यालोमा परिणत गर्दै उज्यालो गाँउ बस्ती तथा शहर निर्माण गरिनेछ ।

१०१. गाँउपालिका भित्रका सबै हाईवे सडकहरुमा सडक सौर्य बत्ती जडान गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

## शहरी योजना र विकास

१०२. जोखिमयुक्त बस्ती पहिचान गरि सुगम यातायातको व्यवस्था सहितको एकीकृत सामुहिक आवासको व्यवस्था गर्ने नीति राखिनेछ ।

१०३. गाँउपालिकाबाट नक्सापस नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानूनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाँउपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

१०४. गाँउपालिका भित्रका वास्तविक सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको उचित व्यवस्थापनको लागि पहल गरिनेछ । सुकुम्बासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्न भुमि सुधार आयोगसँग पहल गरिनेछ ।

१०५. गाँउपालिका भित्र सम्पन्न भई सकेको सडक पूर्वाधारहरुको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ ।

१०६. नाला निर्माण तथा फोहोरमैला व्यवस्थापनका लागि तयारी गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१०७. विपद आईपरेमा तत्काल राहत उद्धार तथा पुनर्स्थापना गर्ने क्षमतायुक्त संरचना निर्माण गरिनेछ । विपद व्यवस्थापन कोषको आदर्शतम उपयोग गरिनेछ ।

CamScanner

१०८. गाँउपालिका भित्रको सबै मुल सडकहरुमा वृक्षारोपण कार्यक्रमहरु संचालन गरिनेछ ।

१०९. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपन, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भु:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रवन्ध गरिनेछ । न्युन कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्बन गरिनेछ ।

## भुमि व्यवस्थापन

११०. भुमिको वैज्ञानिक उपयोगको व्यवस्था मिलाईएको छ । भु उपयोग ऐन र नियमावली अनुसार भुमिको वर्गीकरण भई कित्ताकाट्ट खुलि सकेकोले आवश्यक परेमा संशोधन गरि सुधार गरिनेछ ।

१११. गाँउपालिका भित्र रहेको गुठीको जग्गालाई संरक्षण गरिनेछ । सार्वजनिक हितको लागि आवश्यक परेमा गुठीसँग समन्वय गरि लिजमा लिई उपयोग गरिनेछ ।

११२. गाँउपालिकाभित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पूण जग्गाहरुको उपयुक्त न्यून्तम मुल्यांकन दर कायम गरिनेछ ।

११३. गाँउपालिका भित्र रहेका सरकारी जग्गा, पोखरीहरुको खोजविन गरिनेछ ।

## सुशासन तथा संस्थागत क्षमता विकास

११४. महोत्तरी गाँउपालिकाको मितव्ययी संगठनिक स्वरुप तथा दरबन्दी संरचना निर्माण गरि स्वीकृत दरबन्दी संरचनाभन्दा थप व्यय भार नपर्ने गरि प्रशासनिक संरचना खडा गरिनेछ । सार्थ प्रशानिक संरचनालाई कार्यमुलक बनाईनेछ ।

११५. गाँउपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महसुस गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरि कार्यान्वयन गरिनेछ ।

११६. जनशक्तिको क्षमता विकासका लागि योजना बनाई कार्यान्वयन गरिनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

११७. गाँउ कार्यपालिकाको कार्यालय र सो अन्गर्ततको कार्यालयहरुको प्रशासनलाई सेवाग्रहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिनेछ । साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

११८. योजनाहरुको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि पालिकास्तर, वडास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई त्रियाशित बनाईने छ।

CamScanner

११९. गाँउपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षसँग तथा प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग मापन योग्य सूचकहरु सहित कार्यसम्पादन सम्झौता गरि सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्बन गरिनेछ ।

## वित्तीय अनुशासन र पारदर्शिता

१२०. भ्रष्टाचारजन्य त्रियाकलापहरुमा शुन्य सहनशीलताको नीति अवलम्वन गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिनेछ ।

१२१. समृद्ध महोत्तरी निर्माणका लागि यस गाँउपालिकाको प्रशासनलाई निष्पक्षता, तटस्थता, प्रतिवद्धताको सिद्धान्तप्रति समर्पित गराईने छ। सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाईनेछ । सार्वजनिक क्षेत्रमा सुशासन कायम गरिनेछ ।

१२२. गाँउपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरि कार्य गर्ने कर्मचारीलाई गाँउपालिका उत्कृष्ट कर्मचारी पुरस्कारवाट सम्मान गरिनेछ । दण्ड तथा पुरस्कारको प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाईनेछ ।

## अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट

१२३. गाँउपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रुपमा लागु गरिएको कार्यसंचालन निर्देशिकाको पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

१२४. सार्वजनिक लेखा समिति मार्फत अन्तिम लेखा परीक्षणले औँल्याएका त्रुटीहरु सुधार गरि फछ्र्यौटका लागि आवश्यकता अनुसार गाँउ सभा समक्ष पेश गरिनेछ र समयमै समपरिक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

१२५. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु कम गरिनेछ । बेरुजु फछ्र्यौटलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

## पञ्जीकरण व्यवस्थापन

१२६. गाँउपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ । पूर्ण रुपमा अनलाइन पद्धतिममा घटना दर्ता गरिनेछ । सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

## विद्युतीय सेवा तथा सुचना प्रविधि र संचार

CamScanner

१२७. सेवा प्रवाहलाई सुचना प्रविधिमा आधारित गराई स्मार्ट गाँउपालिका बनाईनेछ । विद्यालय र बस्ती स्तरमा ईन्टरनेट विस्तारको कार्यलाई तीब्र रुपमा अगाडी बढाइने छ।

१२८. सुचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरि हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ ।

१२९. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१३०. यस गाँउपालिका अन्तर्गतको सबै सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा पालिका भवनमा ई-हाजिरी साथै धार्मिक स्थल मुल सडक, चौक आदि ठाउँहरुमा सि.सि.टि.भि जडान गरिनेछ व्यवस्था मिलाईने छ ।

**गाँउसभाका सदस्यहरु,**

उपुगी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभुति गरिनेछ ।

१३२. समृद्ध महोत्तरी सुखी महोत्तरी बासी नाराका सबै क्षेत्र तथा आयामहरु समृद्ध नेपाल सुखी नेपालीसँग तादम्यता हुने गरि कायम गरिएको छ । हरेक स्थानीय तहले सो लाई प्राथमिकताका साथ कार्यान्वयमा ल्याउदाँ नेपाल सरकारको लक्षय अवश्य पुरा हुनेमा विश्वस्त छु ।

१३३. अन्त्यमा, प्रस्तु नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयको लागि सबैको सहकार्य र स्वामित्य अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सदभाव र सहयोग हुनेमा विश्वस्त छु । धन्यवाद

**जय महोत्तरी गाँउपालिका**

**जय महोत्तरीबासी**

**दिलिप कुमार पाण्डेय**

**अध्यक्ष**

CamScanner